Govt. Reg. No. 149/053/054

# नेपाल मानव अधिकार संगठन

## HUMAN RIGHTS ORGANISATION OF NEPAL

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं

Central Office, Anamnagar, Kathmandu

Estd: 1988 A.D. (2045 B.S.)

मितिः २०८२/०१/०९

**शिक्षक आन्दोलन सम्बन्धमा**

विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै विगत २१ दिन देखी शिक्षकहरुको काठमाण्डौ केन्द्रीत सडक आन्दोलनवाट पर्न आएको समस्याका सम्बन्धमा यस नेपाल मानवअधीकार संगठनको ध्यान आकर्षण भएको छ।

लोकतान्त्रिक प्रणालिमा आफ्ना मागहरु सुनुवाइको दवाव श्रृजनाका लागी शान्तिपूर्वक भेला, धर्ना, प्रदर्शन गर्ने अधीकार नेपालको संविधान तथा नेपाल पक्ष भएका अन्तराष्ट्रीय सन्धी, महासन्धी वाट सुरक्षित रहेको भएता पनि लामो सडक आन्दोलनको कारण सडक यातायातमा आइरहेको अवरोध र आम नगरिकको दैनिकीमा पर्न गएको असर तथा शैक्षिक सत्रको सुरवातिको दिनहरुमा विद्यार्थी भर्नामा आएको अवरोध साथै कक्षा १२(बाह्र) को अन्तिम परिक्षामा पर्न जाने असर र त्यसवाट विद्यार्थी शिक्षाको अधिकारको उलंघन तथा उत्पन्न हुन जाने नकरात्मक मानसिक प्रभाव को समेत तत्काल विचार गरिनु पर्ने अवस्थाको श्रृजना भएको छ ।

यसर्थ आन्दोलनवाट प्रतक्ष्य, अप्रतक्ष्य रुपमा पर्न गइरहेको समस्याको सम्बन्धमा नेपाल सरकार गम्भिर नहुँदा समस्या प्रतिदीन जटील अवस्थामा पुगेकोले आन्दोलनरत शिक्षकहरु संग तुरुन्तै वार्ता गरी समस्याको समाधान गर्न नेपाल सरकारलाइ तथा आफ्नो अधिकारको आन्दोलनमा विद्यार्थी तथा सर्वसाधारण नागरीकको हक हनन भएको प्रति सचेत हुन, सडक अवरोध नगर्न र सम्पुर्ण समस्यामा बौद्धिक गंभिरता देखाउँदै वार्ताका माध्यम वाट समस्याको हल निकाल्न आन्दोलनरत शिक्षक तथा सरोकारवाला सबैमा यो संगठन हार्दिक अपिल गर्दछ।

इन्द्र प्रसाद अर्याल

अध्यक्ष

P.O. Box 5424, Anamnagar, Kathmandu, Nepal, **Tel:** +977-1-4269948, **Fax:** +977-1-4229949

**E-mail:** huron nepal@gmail.com, **Website:** www.huronnepal.org.np